## सरकारको कर्तव्य

* पीडित व्यक्तिलाई अन्य सुविधाहरुको साथ–साथै कानुनी सहायता प्रदान गर्नु।
* पीडित व्यक्तिलाई यात्रा र भरण–पोषणको खर्च दिनु।
* पीडित व्यक्तिहरुको अर्थिक वा सामाजिक पुनर्वासको व्यवस्था गर्नु।
* नीरिक्षण समिति नियुक्त गर्नु।
* अनुसूचित जाति–जनजाति समुदायलाई सुरक्षा प्रदान गर्नु।


सत्यमेव जयते

**न्याय विभाग**

**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**

**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**


**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**

website :: www.srcguwahati.in


साक्षर भारत

**कानुनी साक्षरता शृंखला-४**

# अनुसूचित जाति–जनजाति अत्याचार प्रतिरोध कानुन



# अनुसूचित जाति-जनजाति अत्याचार प्रतिरोध कानुन 1989

अनुसूचित जाति-जनजातिहरुमाथि हुने अत्याचार रोक्नको निम्ति अनुसूचित जाति-जनजाति अत्याचार प्रतिरोध कानुन 1989 बनाईएको हो।

**अनुसूचित जाति-जनजातिका सदस्य को को हुन्?**

आर्थिक वा सामाजिक रुपले अत्यन्तै पछाडिएका जातिको चौमुखी विकास लगायत उसलाई समाजको मुख्यधारासित जोड्ने उद्देश्यले भारत सरकारद्वारा अनुसूचित जाति-जनजातिको एउटा सूची बनाइएको छ। यस सूचीमा मोची, कुली, मेत्तर, सुनारी जस्ता समाजका व्यक्तिहरु सम्मिलित छन। प्रत्येक राज्यमा त्यहाँका निवासीहरु अनुसार, अनुसूचित जाति-जनजातिको सदस्य सूची तयार पारिएको छ।

**कसले अत्याचार गर्न सक्छ?**

अनुसूचित जाति-जनजाति बाहिरका कुनै पनि व्यक्तिले अनुसूचित जाति-जनजातिका सदस्यसंग यस प्रकारका व्यवहार गर्न सक्छ-

* जातिसूचक शब्द उच्चारण गरी बोलाउनु।
* हानिकारक वस्तुहरु खान वा खुवाउन बाध्य गराउनु।
* उसको घर वा घरको सीमाभित्र फोहोर, पिसाब, शौच आदि फ्याँक्नु।
* उसको सम्मानमा चोट पुर्‍याउनु।
* उसको जमीन जबरदस्ती हडपिनु वा त्यहाँ खेती गर्नु।
* उसलाई जबरदस्ती आफ्नो काममा खटाउनु।
* मतदान गर्न नदिनु वा कुनै विशेष व्यक्तिको पक्षमा मतदान दिन बाध्य गराउनु।
* ऊमाथि झूटो आरोप लगाउनु वा झुटो मुद्दा दर्ता गर्नु।
* महिलाको लज्जा भंग गर्नु वा ऊमाथि बल प्रयोग गरि उसको यौन शोषण गर्नु।
* उसलाई हैंडपम्प, इनार, तलाउ वा जलस्रोतबाट पानी लिन नदिनु।
* उसलाई घर, गाउँ छोडनमा बाध्य गराउनु। आदि।

**अपराधीको सजा के हुन सक्छ?**

यस्तो अपराध गर्ने व्यक्तिलाई 6 महिनादेखि 5 सालसम्म जेल हुन सक्छ।

**पुलिस थानामा उजुरी कसरी दर्ता गर्ने ?**

यदि कुनै अनुसूचित जाति-जनजातिका व्यक्तिविरुद्ध भने अपराध भयो कुनै, व्यक्तिले-

* पुलिस थानामा मौखिक उजुरी दर्ता गर्न सक्छ। पुलिस अधिकारीले उसको मौखिक उजुरीलाई लिखित रुप दिनुका साथै पढेर सुनाउने छ।
* लिखित उजुरीपनि दर्ता गर्न सक्छ।
* उजुरी प्राप्त गरेपछि पुलिस अधीक्षकले घटनाको जांच गर्ने छन्।
* पुलिसद्वारा पिड़ीत व्यक्ति एवं उसको परिवारलाई सुरक्षा प्रदान गरिने छ।
* पीड़ित व्यक्तिलाई तत्काल राहत प्रदान गरिने छ।
* अपराधीको सनाखत गरि उसलाई पक्राउ गरिने छ। आदि।

**पीडित व्यक्तिलाई के सहायता प्राप्त हुन्छ?**

* पुनर्वासको व्यवस्था।
* नगद वा वस्तुको रुपमा सहायता।
* कृषि भूमि तथा घडेरी प्रदान गरिन्छ।
* आश्रित वा कुटुम्बका सदस्यहरु बिच एकजानालाई रोजगार प्रदान गरिन्छ।
* विधवा, अपांग वा अत्याचार पीडित वृद्धहरुको निम्ति पेन्सन योजना।
* पीडित व्यक्तिलाई आफ्नो गृह निर्माणका लागि ईटा-ढुंगा आदि सामग्री उपलब्ध गराईन्छ। आदि।